# चामुण्डाविन्द्रासैनी नगरपालिका

**जम्बुकाँध दैलेख**

कर्णाली प्रदेश नेपाल

मिति २०७६/०६/१४

# दशैं तथा दिपावलिको शुभकामना

नेपाली हिन्दुहले ऐतिहाँसिक रुपमा मनाउदै आएको महान पर्व 'विजयादशमी तथा शुभ दिपावली छठ पर्व २०७६' को पावन अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

विजया दशमी तथा शुभ दिपावली छठ पर्व सामान्य उत्सव मात्र नभएर त्यसले समुदाय र क्षेत्रको साझा ऐतिहासिक पहिचान र सामाजिक सम्बन्धको समेत परिचय दिन्छ। त्यस अर्थमा विजया दशमी तथा शुभ दिपावली पर्वको महत्व नेपाली हिन्दुका लागि ऐतिहासिक महत्व रहेको छ। लामो संघर्षपछि यही पहिचान र सामर्थ्यलाई संविधान मार्फत सुनिश्चत गरी संघिय गणतान्त्रिक नयाँ नेपाल निर्माणमा हामी अघि बढेको बेला यो पर्वको महत्व झनै बढेको मैले अनुभुति गरेको छु।

संघियतालाई बलियो पार्दै विकास र समृद्धिका दृष्टीले राज्यबाट ओझेलमा पारिदै आएको कर्णाली प्रदेशको चामुण्डाविन्द्रासैनी नगरपालिकालाई समुन्नतिको दिशामा अघि बढाउन, नगरपालिका क्षेत्रको प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको समुचित विकास गर्न तथा सम्पुर्ण नगरवासीमा आपसी सदभाव, भाइचारा तथा अपनत्वको भावना बृद्धि गरी समृद्धि नगरपालिका निर्माणमा विजया दशमी तथा शुभ दिपावली २०७६ पर्वले प्रेरणा देओस्।

चामुण्डाविन्द्रासैनी नगरपालिकाको तर्फबाट समस्त हिन्दू नेपालीहरुको महान पर्व विजया दशमी तथा शुभ दिपावली २०७६ को पावन अवसरमा सम्पूर्ण नगरवासी तथा संसार भरि रहेका हिन्दु नेपालीहरुको सुस्वास्थ्य, दिर्घायू एवं उतरोत्तर प्रगतीको कामना व्यक्त गर्न चाहन्छु।

..................

(सुर्यबहादुर शाही)

नगर-प्रमुख

सुर्य बहादुर शाही
नगर प्रमुख